# गरिबी निवारणका लागि चेपाङ, दलित र वञ्चितिकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**
**हेटौंडा, नेपाल**

# गरिबी निवारणका लागि चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावना**

बागमती प्रदेशको चेपाङ समुदाय, दलित समुदाय र वञ्चितीकरण सूचकाङ्क अनुसार बढी वञ्चितीकरणमा परेका समुदायको आय आर्जन तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याई गरिबी निवारणमा योगदान पुऱ्याउन वाञ्छनीय भएकोले, प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको हो।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "गरिबी निवारणका लागि चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले "गरिबी निवारणका लागि चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" लाई सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले "गरिबी निवारणका लागि चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम" लाई सम्झनु पर्दछ।

(ग) "कार्यलय" भन्नाले सामाजिक विकास कार्यालयलाई सम्झनु पर्दछ।

(घ) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकारलाई सम्झनु पर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको "गरिबी निवारण क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ।

(च) "स्थानीय तह" भन्नाले कार्यक्रम लागू भएका स्थानीय तहलाई सम्झनु पर्दछ।

(छ) "चेपाङ विशेष संरक्षित क्षेत्र" भन्नाले मकवानपुर जिल्लाका राक्सिराङ, कैलाश र मनहरी गाउँपालिका, धादिङ जिल्लाका वेनीघाट रोराङ र गजुरी गाउँपालिका तथा चितवन जिल्लाका राप्ती नगरपालिका, कालिका नगरपालिका र इच्छाकामना गाउँपालिकालाई सम्झनु पर्दछ।

(ज) "वञ्चितीकरण सूचकाङ्क" भन्नाले नेपाल सरकारले जारी गरेको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची ५ मा उल्लेखित सम्पत्ति सूचाकाङ्कका आधारमा अति

गरिब र गरिबलाई समावेश गरी तयार गरिएको वञ्चितीकरण सूचकाङ्कलाई सम्झनु पर्दछ।

(झ) “लाभग्राही समुदाय” भन्नाले चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायलाई सम्झनु पर्दछ।

(ञ) “उद्यमशीलता विकास” भन्नाले लाभग्राही समुदायको आयआर्जन र जीविकोपार्जनको अवस्थामा सुधार ल्याउन गरिने कार्यलाई सम्झनु पर्दछ।

(ट) “तालिम” भन्नाले लाभग्राही समुदायको रोजगारी तथा उद्यमशीलता विकास सम्बन्धी ज्ञान, सिप र आत्मबल बढाउन गरिने सिप विकास तालिमलाई सम्झनु पर्दछ।

३. **कार्यक्रमको उद्देश्य:** यस कार्यक्रमका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) चेपाङ समुदाय, दलित समुदाय र वञ्चितीकरण सूचकाङ्क अनुसार बढी वञ्चितीकरणमा परेका समुदायको आय आर्जन तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याई गरिबी निवारणमा योगदान पुऱ्याउनु,

(ख) उद्यमशीलता विकासका लागि स्थानीय स्तरमा उपलब्ध अवसर, स्रोत र सम्भावना पहिचान गरी उपयोग गर्नु,

(ग) लाभग्राही समुदायको उद्यमशीलता विकास सम्बन्धी सिपमूलक तालिमलगायतका कार्य सञ्चालन गर्नु।

## परिच्छेद -२

## स्थानीय तह र कार्यक्रम

४. **कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरू:** (१) चेपाङ समुदाय लक्षित आय आर्जन र जीविकोपार्जन सुधार कार्यक्रम देहाय बमोजिमका स्थानीय तहमा सञ्चालन गरिनेछ:

(क) राक्सिराङ गाउँपालिका, मकवानपुर

(ख) कैलाश गाउँपालिका, मकवानपुर

(ग) मनहरी गाउँपालिका, मकवानपुर

(घ) वेनीघाट रोराङ गाउँपालिका, धादिङ

(ङ) गजुरी गाउँपालिका, धादिङ

(च) रासी नगरपालिका, चितवन

(छ) कालिका नगरपालिका, चितवन

(ज) इच्छाकामना गाउँपालिका, चितवन

(२) दलित समुदाय लक्षित आय आर्जन र जीविकोपार्जन सुधार कार्यक्रम देहाय बमोजिमका स्थानीय तहमा सञ्चालन गरिनेछ:

(क) गोलन्जोर गाउँपालिका, सिन्धुली

(ख) फिक्कल गाउँपालिका, सिन्धुली

(ग) सुनकोशी गाउँपालिका, सिन्धुली

(घ) तीनपाटन गाउँपालिका, सिन्धुली

(ङ) सिद्धलेक गाउपालिका, धादिङ

(च) ज्वालामुखी गाउँपालिका, धादिङ

(छ) गल्छी गाउपालिका, धादिङ

(ज) त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ

(झ) तामाकोशी गाउँपालिका, दोलखा

(ञ) माडी नगरपालिका, चितवन

(३) वञ्चितीकरण परेका समुदाय लक्षित आय आर्जन र जीविकोपार्जन सुधार कार्यक्रम देहाय बमोजिमका स्थानीय तहमा सञ्चालन गरिनेछ:

(क) महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक

(ख) खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक

(ग) चौरी देउराली गाउँपालिका, काभ्रेपलाञ्चोक

(घ) दोरम्बा शैलुङ गाउँपालिका, रामेछाप

(ङ) उमाकुण्ड गाउँपालिका, रामेछाप

(च) खाँडादेवी गाउँपालिका, रामेछाप

(छ) लिखु तामाकोशी गाउँपालिका, रामेछाप

(ज) सुनापती गाउँपालिका, रामेछाप

(झ) ध्याङलेख गाउँपालिका, सिन्धुली

(ञ) जुगल गाउँपालिका, सिन्धुपाल्चोक

५. कार्यक्रमः (१) यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमहरू देहाय बमोजिम हुनेछन्:-

(क) आधार तथा अन्तिम (बेसलाइन तथा इण्डलाइन) तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन तयार गर्ने,

(ख) पहिचान भएका लक्षित समुदायको आवश्यकता पहिचान गरी सोही अनुसारको उपयुक्त क्षेत्रसँग सम्बन्धित सिपमूलक तालिम,

(ग) बिउ पुँजी र मेशिन तथा उपकरण लगायतका सामग्री सहायता,

(घ) सिपमूलक तालिम तथा उद्यमशीलता विकास सम्बन्धी कार्यक्रमहरू,

(ङ) स्थानीय तहको आवश्यकतामा आधारित आयआर्जनसँग सम्बन्धित कार्यक्रमहरू,

(च) निर्देशक समितिले तोकेका अन्य कार्यक्रमहरू।

## परिच्छेद- ३

## लाभग्राही समुदाय छनोट र कार्यक्रम सञ्चालन प्रक्रिया

६. **लाभग्राही समुदाय र छनोट प्रक्रियाः** (१) दफा ४ को उपदफा (१) बमोजिमको चेपाङ समुदाय लक्षित स्थानीय तहमा कार्यक्रमको लाभग्राही समुदाय चेपाङ समुदाय मात्र हुनेछ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको दलित समुदाय लक्षित स्थानीय तहमा कार्यक्रमको लाभग्राही समुदाय दलित समुदाय मात्र हुनेछ ।

(३) दफा ४ को उपदफा (३) बमोजिमको वञ्चितीकरणमा परेका समुदाय लक्षित स्थानीय तहमा कार्यक्रमको लाभग्राही समुदाय विपन्न समुदाय मात्र हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको लाभग्राही वर्ग छनोट गर्नका लागि सम्बन्धित स्थानीय तहले लाभग्राही समुदायको सङ्ख्या र वडाको विपन्नताको अवस्थाका आधारमा कार्यक्रम लागू गर्ने वडाहरू छनोट गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम छनोट भएका वडाको वडा कार्यालयले पारदर्शी रूपमा लाभग्राही समुदायको छनौट गर्नु पर्नेछ । सेवाग्राहीले देहाय बमोजिमको आधारहरू पूरा गरेको हुनुपर्नेछः-

(क) सम्बन्धित वडाको बसोबास गर्ने नेपाली नागरिक भएको,

(ख) तोकिएको स्थानीय तहबाट सिफारिस भएको,

(ग) १८ वर्ष उमेर पूरा भएको,

(घ) रोजगारीको लागि सिप विकासका अवसर खोजिरहेका र स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्ने चाहना र रुचि भएको वा स्वरोजगारमूलक व्यवसाय वा उद्यम गरिरहेको वा गर्न इच्छुक व्यक्ति।

७. **कार्यक्रममा सहभागी छनोट प्रकियाः**(१) तालिम सञ्चालनको लागि लाभग्राही समुदायबाट सहभागी छनोटका आधार देहायअनुसार हुनेछनः-

(क) पहिचान भएका गरिब परिवार सङ्ख्या, आवश्यकता पहिचान तथा उपलब्ध बजेटका आधारमा कार्यालयले कोटा निर्धारण गर्नेछ।

(ख) तोकेको कोटा अनुसार तोकिएको मापदण्डको आधारमा सहभागी छनोट गर्नेछ।

(ग) स्थानीय तहको सिफारिस बमोजिम सम्बन्धित तालिम वा कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) तालिमको हकमा पहिचान भएका गरिब परिवारका सदस्यहरूको आवश्यकता र बजारको मागलाई समेत अध्ययन गरी सोही बमोजिम छनोट भएका विषय क्षेत्रमा तालिम सञ्चालन गर्नु पर्नेछ। तालिममा सहभागीहरूको बेसलाइन र इन्डलाइन सर्वेक्षण मन्त्रालयले गर्नेछ।

(२) तालिमको हकमा पहिचान भएका गरिब परिवारका सदस्यहरू (प्रति समूह २० देखि २५ जना) को आवश्यकता बमोजिम छनोट भएका विषय क्षेत्रमा तालिम सञ्चालन गर्नु पर्नेछ।

(३) तालिम/कार्यक्रम सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका, मातहतका निकायबाट कार्यान्वयन भएका उस्तै प्रकृतिका तालिम/कार्यक्रमहरूमा सहभागिता भइसकेका प्रशिक्षार्थीहरूलाई दोहोरो नपर्ने गरी समावेश गर्नु पर्नेछ।

(४) तालिम सम्पन्न गरेका सम्पूर्ण सहभागीहरूको तथ्याङ्कको डाटाबेस प्रणालीको विकास गरी मन्त्रालयले अभिलेख राख्नु पर्नेछ।

८. <u>तालिम, बिउ पुँजी र वस्तुगत सहायता</u>: (१) तोकिएको कार्यक्रम अन्तर्गतको व्यवसायमूलक एवंम् सिपमूलक तालिम सञ्चालन गर्दा प्रदेश सरकारबाट स्वीकृत सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०८० बमोजिम हुनुपर्नेछ।

(२) स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही व्यावसायको प्रकृति अनुसार नियमानुसार बिउ पुँजी वापत व्यक्तिको बैंक खातामा निकासा हुने गरी बढीमा रु. १५,०००/- (रुपैंया प्रन्ध्र हजार) वा सोही रकम बराबर व्यक्तिको पेशा व्यवसायको लागि आवश्यक पर्ने मेशिन तथा उपकरण लगायतका सामग्री (प्रविधि) हस्तान्तरण गर्न सकिनेछ। दफा ९ को उपदफा ६ बमोजिम सेवा खरिद मार्फत तालिम संचालन गरेमा तालिममा सहभागी प्रशिक्षार्थीहरुले तालिम सम्पन्न गरे पश्चात सम्वन्धित स्थानीय तहमा व्यावसाय दर्ता गरेका प्रशिक्षार्थीहरुलाई पालिकाको सिफारिसमा कार्यालयले सम्वन्धित व्यक्तिको वैङ्कखातामा विउ पुँजी निकासा/प्रविधि हस्तान्तरण गर्नुपर्नेछ ।

९. <u>कार्यक्रम सञ्चालन प्रकिया</u>: (१) सामाजिक विकास कार्यालयहरुले स्थानीय तहसँगको समन्वय र सहकार्यमा अनुसूची २ को अधिनमा रहि कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। मन्त्रालयले सामाजिक विकास कार्यालयहरुलाई अभिमुखीकरण एवम् सहजीकरण गर्नेछ। सामाजिक विकास कार्यालयले सम्बन्धित स्थानीय तहमा समन्वन्य,अभिमुखीकरण तथा सहजीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि सामाजिक विकास कार्यालयले अनुसूची १ बमोजिम कार्य गर्नु पर्नेछ। सामाजिक विकास कार्यालयले स्थानीय तहको श्रम बजार तथा स्थानीय उत्पादनको माग सम्बन्धी अध्ययन गरी सोको आधारमा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। गत आर्थिक वर्ष स्थानीय तहबाट भएको अध्ययनलाई समेत आधार लिई स्थानीय तहको सिफारिसमा गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(३) कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले संभव भएसम्म गत आर्थिक वर्ष कार्यक्रम सञ्चालन गरेको वडा नदोहोरिने गरि सहभागी छनोट गरी सामाजिक कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(४) स्थानीय तहले सिफारिस गरेका सहभागीहरुको लागि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कार्यालयले कार्ययोजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(५) सिपमूलक वा उद्यमशीलता सम्बन्धी तालिममा सहभागीहरूले कुनै व्यवसाय गर्न चाहेमा उक्त व्यवसाय स्थानीय तहमा दर्ता गर्नु पर्नेछ।

डा. कान्चन चन्द्र बाँठ
मन्त्री

(६) तालिम सञ्चालनका लागि सेवा खरिद गर्नु परेमा प्रचलित खरिद कानुन बमोजिम गर्नु पर्नेछ।

(७) सामाजिक विकास कार्यालयले प्रति स्थानीय तह बढिमा रु २० लाख सम्म बजेट खर्च गर्न सक्नेछ।

(८) कार्यालयले कार्यक्रममा सहभागीहरुको प्रोफाइल एवम् अभिलेखीकरण गर्ने र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(९) कार्यक्रमको लेखा राख्ने, लेखा परीक्षण गराउने लगायतको वित्तीय जिम्मेवारी सम्बन्धित सामाजिक विकास कार्यालयको हुनेछ।

## परिच्छेद- ४

## संरचनात्मक व्यवस्था

१०. निर्देशक समितिः (१) गरिबी निवारण सम्बन्धी कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| **(क) सचिव, गरिबी निवारण क्षेत्र हेर्ने मन्त्रालय** | **-संयोजक** |
| **(ख) कार्यक्रम सञ्चालन हुने स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत मध्येबाट समितिले मनोनयन गरेको एक जना** | **-सदस्य** |
| **(ग) महाशाखा प्रमुख, योजना हेर्ने महाशाखा, मन्त्रालय** | **-सदस्य** |
| **(घ) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय** | **-सदस्य** |
| (ङ) समितिबाट मनोनित सामाजिक विकास कार्यालयको प्रमुख एक जना | -सदस्य |
| (च) महाशाखा प्रमुख, गरिबी निवारण हेर्ने महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) यस समितिको बैठकमा सम्बन्धीत क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

११. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कार्यक्रमका लागि बजेटको व्यवस्था गर्ने,

(ग) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी तय गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै अष्पष्टता वा बाधा अवरोध आएमा सो सम्बन्धमा स्पष्टता गर्ने वा निर्देशन दिने,

(ङ) लाभग्राहीको आधार तथा अन्तिम तथ्याङ्क सर्वेक्षण (बेसलाइन र इण्डलाइन सर्वे) को विधि र कार्यदायराका सम्बन्धमा आवश्यकता अनुसार मार्गदर्शन प्रदान गर्ने,

(च) अनुगमन तथा मूल्याङ्कन गर्ने।

१२. **कार्यक्रम कार्यान्वयन समितिः** (१) गरिबि निवारण सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) कार्यालय प्रमुख, कार्यालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, मन्त्रालय - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य

(ङ) गरिबी निवारण हेर्ने शाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

१३. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र जिम्मेवारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) निर्देशक समितिको निर्देशन बमोजिम कार्य गर्ने,

(ख) कार्यक्रमको कार्ययोजना स्वीकृत गर्ने,

(ग) श्रम बजार र स्थानीय उत्पादनको मागसम्बन्धी अध्ययनको विधि र कार्यदायराका सम्बन्धमा छलफल गरी मार्गदर्शन प्रदान गर्ने,

(घ) कार्यक्रमको अनुगमन गर्ने र आवश्यकता अनुसार सुधारात्मक कार्य गर्न मार्गदर्शन प्रदान गर्ने,

(ङ) नेपाल सरकार र स्थानीय तहले अनुगमन गरी दिएका सुझावहरूलाई कार्यान्वयन गर्न मार्गदर्शन प्रदान गर्ने

(ङ) आवश्यकता अनुसारका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद- ५

## कार्यक्रम कार्यान्यिवनका लागि विभिन्न निकायहरूको भूमिका

१४. **मन्त्रालयको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) आवश्यक नीति र कार्यविधि तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) निर्देशक समितिको गठन गरी क्रियाशील बनाउने,

(ख) प्रदेश भित्रका पहिचान भएका गरिब परिवारको तथ्याङ्क अध्यावधिक एवम् विवरण तयार गर्ने,

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने र कार्यक्रम कार्यान्वयनको लागि समन्वय र सहजीकरण गर्ने,

(घ) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकारका सम्बद्ध मन्त्रालय र सम्बन्धित सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) आधार तथा अन्तिम (बेसलाइन तथा इण्डलाइन) तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन तयार गर्ने,

(च) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने, गराउने,

(छ) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने, कार्यक्रम सञ्चालनको क्रममा कुनै बाधा भएमा त्यसको व्यवस्थापन गर्ने,

(ज) निर्देशक समिति र कार्यक्रम कार्यान्वयन समितिको निर्णय कार्यान्वयन गर्ने ।

१५. **स्थानीय तहको भूमिका:** कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तह भित्र बसोबास गर्ने पहिचान भएका गरिब परिवार र सदस्यहरूको तथ्याङ्क अद्यावधिक एवम् अभिलेखीकरण गर्ने,

(ख) एक जना अधिकृत वा जनशक्तिलाई कार्यक्रमबो सम्पर्क व्यक्ति तोकि सामाजिक विकास कार्यालयलाई आवश्यक सहयोग गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि वडा छनोट गरी सामाजिक विकास कार्यालयमा पठाउने,

(ग) तोकिएको मापदण्ड बमोजिम सम्बन्धित वडा समितिको सिफारिसको आधारमा लाभग्राही समुदाय छनोट गर्ने

(घ) श्रम बजार तथा स्थानीय उत्पादनको माग सम्बन्धी अध्ययन गर्ने,

(ङ) तालिम प्राप्त गरिब व्यक्तिहरू स्वरोजगार भए नभएको, आय आर्जनमा संलग्न भएको तथा परम्परागत सीप, ज्ञान र पेशामा आएको स्तरवृद्धिको तथ्याङ्क राख्ने,

(च) कार्यक्रम कार्यान्वयनको सुपरिवेक्षण र अनुगमन गरी पृष्ठपोषण दिने र सोको प्रतिवेदन गर्ने।

१६. **सामाजिक विकास कार्यालयको भूमिका:** कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत वार्षिक कार्यक्रमको कार्य योजना तर्जुमा गर्ने

(ख) स्वीकृत कार्यविधि बमोजिम स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने

(ग) स्थानीय तहमा अभिमुखीकरण एवम् सहजीकरण गर्ने

(घ) सम्बन्धित स्थानीय तहबाट कार्यक्रम सञ्चालनका लागि छनोट भएका वडाको गरिबीको विवरण अध्याविधक गर्ने

(ङ) सम्बन्धित वडा समितिको सिफारिसमा छनोट भएका व्यक्तिहरुको प्रोफायल विकास गर्ने

(च) श्रम बजार तथा स्थानीय उत्पादन आधारमा गरिबी निवारण लक्षित कार्यक्रम सञ्चालन गर्ने

(छ) छनोट गरिएका लाभग्राही समुदायको लागि रोजगारी तथा उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने र तालिम पूरा गरी स्थानीय तहमा व्यवासयाय दर्ता गरेका सहभागीको बैङ्क खातामा तोकिए बमोजिम बिउ पूँजी निकाशा वा प्रविधि हस्तान्तरण गर्ने

(ज) स्वीकृत बजेटको सिमा भित्र रहेर कार्यक्रम तय गरी सञ्चालन गर्ने

(झ) कार्यक्रमको अनुगमन तथा प्रतिवेदन र अभिलेखीकरण गर्ने

(ञ) मन्त्रालयको निर्देशन बमोजिमका अन्य कार्य ।

## परिच्छेद- ६

## कार्यक्रम अनुगमन सम्बन्धी व्यवस्था

१७. **अनुगमन तथा मूल्याङ्कनः** (१) गरिबी निवारण सम्बन्धी कार्यक्रमको सम्बन्धमा समन्वय, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषण स्थानीय तह,सामाजिक विकास कार्यालय,शिक्षा विकास निर्देशनालय र मन्त्रालयबाट अनुगमन तथा निरीक्षण हुनेछ।

(२) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्न मन्त्रालयले निर्देशन दिनेछ। मन्त्रालयले प्रत्येक वर्ष कार्यक्रमको प्रगति विवरण समावेश गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

(३) नेपाल सरकारबाट र उपदफा (१) बमोजिम भएका अनुगमनबाट प्राप्त सुझावहरूका सम्बन्धमा निर्देशक समितिले छलफल गरी सोको कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन प्रदान गर्नुपर्नेछ।

## परिच्छेद -७

## विविध

१८. **बजेट व्यवस्थापनः** (१) आर्थिक वर्ष २०८३/८४ को लागि स्वीकृत बजेटको सिमा भित्र रहेर कार्यक्रम तय गरी सञ्चालन गर्नुपर्नेछ। प्रदेश सरकारको स्वीकृत खर्च सम्बन्धी मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। कार्यक्रमको लागि आवश्यक प्रविधि हस्तान्तरण लगायतका वस्तु र सेवा खरिद गर्नु परेमा प्रचलित खरिद कानून अवलम्वन गर्नुपर्नेछ।

१९. **व्याख्या गर्नेः** यस कार्यविधिमा लेखिएको कुनै कुरामा विवाद उत्पन्न भएमा निर्देशक समितिको परामर्शमा मन्त्रालयले त्यसको व्याख्या गर्नेछ।

२०. **संशोधन तथा परिमार्जन** यस कार्यविधिमा उल्लेख भएका विषयहरूमा आर्थिक दायित्व पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा र अन्य विषयमा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

२१. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा तोकिएका विषयहरू सोहीबमोजिम र अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछन् ।

डा. कन्चन चन्द्र बाँदे
मन्त्री

## अनुसूची १
(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)
### कार्यक्रम कार्यान्वयन विधि, प्रक्रिया र कार्यदायरा

**१. विधि र प्रक्रिया**

कार्यक्रम कार्यान्वयन गर्दा निम्न विधि र प्रक्रियाको पालना गर्नु पर्नेछः-

क. वडा पहिचान

कार्यक्रम कार्यान्वयनको लागि एक वा एकभन्दा बढी वडा छनोट पर्ने ।

ख. लाभग्राही समुदाय पहिचान

सम्बन्धित वडा समितिको सिफारिसको आधारमा लाभग्राही समुदायको पहिचान गर्ने ।

ग. श्रम बजार तथा स्थानीय उत्पादनको माग सम्बन्धी अध्ययन

श्रम बजार र स्थानीय उत्पादन (वस्तु र सेवा) सम्बन्धी द्वितीय स्रोत (उपलब्ध प्रतिवेदन, दस्तावेज, पुस्तक, कार्यालय अभिलेख आदि)को अध्ययन, श्रम बजार तथा स्थानीय उत्पादन सम्बन्धी जानकारी भएका जानिफकारहरूसँगको अन्तरवार्ता र रोजगारीको खोजीमा रहेकाहरूसँग लक्षित समूह छलफल गरी श्रम बजार तथा स्थानीय उत्पादनको वर्तमान अवस्था र भविष्यको माग सम्बन्धी अध्ययन गर्ने।

घ. क्षमता विकास आवश्यकता विश्लेषण

श्रम बजार तथा स्थानीय उत्पादनको माग सम्बन्धी गरिएको अध्ययनसमेतको आधारमा स्थानीय तहको जनप्रतिनिधि र कर्मचारी, स्थानीय सहकारी संस्था, सामुदायिक संस्था, टोल विकास संस्थाका प्रतिनिधि, प्रधानमन्त्री रोजगारी कार्यक्रमको संयोजक, प्रधानमन्त्री रोजगार कार्यक्रममा नाम लेखाएका व्यक्तिहरूसमेत सहभागितामा गोष्ठी गरी रोजगारी तथा उद्यमशीलता विकास सम्बन्धी आवश्यकता विश्लेषण गर्ने ।

ङ. लाभग्राही समुदायको आधार तथा अन्तिम तथ्याङ्क सङ्कलनमा सहयोग

लाभग्राही समुदाय छनोट भएपछि तोकिएको ढाँचाको फारम भरेर आधार तथ्याङ्क (बेसलाइन डाटा) र अन्तिम तथ्याङ्क (इन्डलाइन) सङ्कलन गर्न सहयोग गर्ने ।

च. सीपमूलक/उद्यमशीलता तालिम र अन्य कार्यक्रम सञ्चालन

छ. सुपरिवेक्षण र प्रतिवेदन

ज. अनुगमनमा सहयोग र पृष्ठपोषणको कार्यान्वयन

**२. कार्यदायरा**

क. वडा छनोट

वडा छनोट गर्दा लाभग्राही समुदायको बाहुल्यता, विपन्नता अवस्था र भौगोलिक पहुँच आधार मान्नु पर्ने ।

ख. तालिम र कार्यक्रमः

- तोकिएको ढाँचामा आधार तथा अन्तिम (बेसलाइन तथा इण्डलाइन) तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन तयार गर्ने,
- पहिचान भएका गरिब परिवारका तथ्याङ्क अध्यावधिक एवम् प्रोफाइल विकास र वडागत नक्शाङ्कन,
- पहिचान भएका लक्षित समुदायको आवश्यकता पहिचान गरी सोही अनुसारको उपयुक्त क्षेत्रसँग सम्बन्धित सिपमूलक तालिम,
- बिउ पूँजी र मेशिन तथा उपकरण लगायतका सामग्री सहायता,
- सिपमूलक तालिम तथा उद्यमशिलता विकास सम्बन्धी कार्यक्रमहरू
- स्थानीय तहको आवश्यकतामा आधारित आय आर्जनसँग सम्बन्धित कार्यक्रमहरू ।

अनुसूची २

दफा ९ को उपदफा १ सँग सम्वन्धित

## गरिबी निवारणका लागि समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रमका लागि प्रस्तावित क्रियाकलाप र बजेट

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | सङ्ख्या | दर | मन्त्रालय रु | सामाजिक विकास कार्यालय रु |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको अभिमुखीकरण र सहजीकरण | | | | २००००० | ७४०००० |
| २ | लाभग्राहीको पहिचान | स्थानीयतह | २८ | २०,००० | | ५६०,००० |
| ३ | आधार तथ्याङ सङ्कलन (Baseline and Survey) | | २८०० | | ८००,००० | |
| ४ | श्रम बजार र स्थानीय उत्पादनको माग सम्बन्धी अध्ययन | सङ्ख्या | २८ | ५०,००० | | १,४००,००० |
| ५ | क्षमता विकास (तालिम, र अन्य) | जना | २८०० | १३,००० | | ३,७८,००,००० |
| ६ | बीउपूँजी/प्रविधि हस्तान्तरण | वटा | १४०० | १५,००० | | २१०,००,००० |
| ७ | अन्तिम तथ्याङ्क सङकलन (End-line Survey) | जना | २८०० | | ८००,००० | |
| ८ | अनुगमन/प्रतिवेदन/अभिलेखीकरण | | २८ | | १००००० | ९,००,००० |
| ९ | कार्यक्रम व्यवस्थापन/विविध | प्रतिवर्ष | १ | | १००,००० | ६००००० |
| जम्मा | | | | | २०,००,००० | ६३०००००० |